# मधुवन नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३** **संख्या : २** **प्रमाणिकरण मिति : २०७६/९/८**

**प्रकाशन मिति : २०७६/९/९**


## भाग - २

मधुवन नगरपालिका

## मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**१-प्रश्तावना**

नेपाली समाजमा बिभिन्न पेशा गरेका मानिसहरु छन् त्यसमा कृषि पनि अधिकांस नेपालीको एउटा पेशाहो । नेपालमा अधिकांस घर परिवारहरुको पेशा कृषि रहेको छ । बहुसंख्यक मानिसहरुले कृषि पेशा गरे पनि वर्तमानमा हुर्कदो कुसँस्कारले गर्दा नाक खुम्च्याएर हिड्नु पर्ने अवस्था रहेको छ । अन्य पेशा प्रतिको लगाव मानिसको छुटै रहेको छ भने कृषि पेशामा लाग्नेको संख्या दिनानुदिन घट्दो आवस्थामा रहेकोछ । यस्तो हुर्कदो बर्तमान परिबेशलाई ध्यानमा राख्दै कृषकहरुलाई पशुपन्छी पालन तथा अन्य कृषि पेशामा उत्प्रेरणा र हौसला प्रदान गर्न, सम्मानित पेशाको रुपमा विकास गर्न यस मधुवन नगरपालिकाले आ.व. २०७६/२०७७ को बजेट मार्फत मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान

कार्यक्रमको सुरुवात गरेकोछ । उक्त पुरुष्कार तथा कार्यक्रमको सहज कार्यान्वयन गर्न यो “**मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६”**तयार गरि लागु गरिएको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यक्रमकार्यान्वयन कार्यविधि तयार गरिएको हो ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम “**मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६”** रहेको छ ।

(ख) यो कार्यविधि मधुवन नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “कार्यविधि” भन्नाले “**मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६”** सम्झनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले मधुवन नगरपालिका र “नगरकार्यपालिका” भन्नाले मधुवन नगरकार्यपालिकासम्झनु पर्दछ ।

(ग) “शाखा” भन्नाले मधुवन नगरकार्यपालिकाको पशु सेवा शाखा र “कार्यक्रम” भन्नाले मधुवन नगरसभाबाट स्वीकृत भएका पशु सेवा संवन्धि कार्यक्रमहरु सम्झनु पर्दछ ।

(घ) “सेवा केन्द्र” भन्नाले पशु सेवा शाखा मातहतमा मधुवन नगरपालिकाक्षेत्रमा संचालित पशु सेवा संवन्धि सेवा प्रदान गर्ने ईकाइहरु सम्झनु पर्दछ ।

(ङ) “पशु विकास समन्वय समिति” भन्नाले कार्यक्रम क्षेत्र तथा लाभग्राही छनौट, मापदण्ड निर्धारण र अनुगमन तथा मुल्याङ्कनका लागि “पशु सेवा कार्यक्रमहरु सञ्चालन निर्देशिका-२०७६” बमोजिमका पदाधिकारी रहने गरी नगर स्तरमा गठन भएको कार्यदल सम्झनु पर्दछ ।

(च) “लाभग्राही” भन्नाले यस मधुवन नगरपालिका भित्रका ब्यवशायिक पशुपन्छी पालक/अन्य कृषि पेशामा संगल्न कृषक लाई सम्झनु पर्दछ ।

**(४) कार्यक्रम सञ्चालन हुने वार्डहरु-**

मधुवन नगरपालिका बर्दियाका १ देखि ९ सम्मका वार्डहरु ।

**(५) कार्यक्रमका विषयगत क्षेत्रहरु-**

- बाखा/भेडा पालकब्यवशायिक कृषक
- गाई/भैसी पालक ब्यवशायिक कृषक
- कुखुरा/बट्टाई आदि पन्छी पालक ब्यवशायिककृषक
- बंगुर पालक ब्यवशायिककृषक
- माछा पालक ब्यवशायिक कृषक

- अन्य कृषि पेशामा संलग्न ब्यवशायिक ब्यवशायिक कृषक

**(६) कार्यक्रममाभाग लिन सक्ने कृषकहरु-**

- बाखा पालक कृषक- ब्यवशायिक रुपमा बाखा पालन गरेको हुनु पर्नेछ । कम्तीमा २० वटा बाखा भएको कृषक उक्त कार्यक्रममा भाग लिन पाउनेछ ।
- गाई/भैसी पालक कृषक- ब्यवशायिक रुपमा गाई/भैसी पालेको हुनु पर्नेछ । कम्तीमा ५ वटा माउ गाई/भैसी भएको कृषक उक्त कार्यक्रममा भाग लिन पाउनेछ ।
- बंगुर पालक कृषक- ब्यवशायिक रुपमा बंगुर पालेको हुनु पर्नेछ । कम्तीमा १५ वटा माउ बंगुर भएको कृषक उक्त कार्यक्रममा भाग लिन पाउनेछ ।
- माछा पालक कृषक- ब्यवशायिक रुपमा माछा पालेको हुनु पर्नेछ । कम्तीमा ०.५विगहा क्षेत्रमा माछा पालन गरेको कृषक उक्त कार्यक्रममा भाग लिन पाउनेछ ।
- कुखुरा पालक कृषक- ब्यवशायिक रुपमा कुखुरा पालेको हुनु पर्नेछ । कम्तीमा ५००कुखुरा तथा अन्य पन्छी भएको कृषक उक्त कार्यक्रममा भाग लिन पाउनेछ ।
- अन्य कृषि पेशामा संलग्न ब्यवशायिक ब्यवशायिक कृषक पनि प्रकाशित सूचनाको ब्यहोराको आधारमा यस कार्यक्रममा भाग लिन पाउनेछ ।

**(७) कार्यक्रम सञ्चालन प्रकृया-**

- अनुसूची १ बमोजिम मधुवन नगरपालिका पशु सेवा शाखाबाट माग निबेदन १५ दिने सूचना प्रकाशन ।
- अनुसूची २ बमोजिमका बुदाहरुलाई आधार मानि पशु विकास समन्वय समिती बाट पुरुष्कारका लागि कृषक छनौट निर्णय गर्ने ।
- औपचारिक कार्यक्रमको आयोजना गरी पुरुष्कार वितरण तथा सम्मान कार्यक्रम गर्ने ।

**(८) आर्थिक नर्मसः**

- प्रथम पुरुष्कार- १५००० (पन्ध्र हजार मात्र)
- द्वितिय पुरुष्कार- १०००० (दश हजार मात्र)
- त्रितिय पुरुष्कार- ५००० (पाँच हजार मात्र)

नोट- स्वीकृत कार्यक्रम र बजेट भित्र रही बैठक भत्ता, स्टेशनरी, प्रमाण-पत्र, फुल/माला, अविर, खादा, खाजा खर्च गर्न सकिनेछ ।

**(९) थपघट र हेरफेर गर्न सक्ने**

- यो कार्यबिधिको कार्यान्वयनलाई थप व्यवथित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
- यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यक्ता अनुसार ब्याख्या गर्न सक्नेछ ।
- यस कार्यबिधिमा नसमेटिएका बुदाहरुको हकमा पशु विकास समन्वय समितिको निर्णय र प्रचलित ऐन,कानुन अनुसार हुनेछ ।

**अनुसूची-१**

**(दफा ६ सँग सम्बन्धित)**

# मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रमको निबेदन माग सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ॥।

**मितिः**

यस मधुवन नगरपालिका पशु सेवा शाखाको आ.व. २०..../....को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ब्यवशायिक कृषकहरुलाई **मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रम** रहेको हुदा यस मधुवन नगरपालिका अन्तरगतका वार्ड न १ देखि ९ सम्मका ईच्छुक ब्यवशायिक पशुपन्छी पालक कृषकहरु बाटमाग निबेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको  अनुसूची ३ बमोजिमको ढाँचा अनुसारको निबेदन दिनु होला । पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु -**

- अनुसूची ३ अनुसारको माग निबेदन ।
- नेपाली नागरिक्ताको आफैबाट प्रमाणित प्रतिलिपि ।
- वडा कार्यालयको सिफरिस पत्र ।
- पशु सेवा केन्द्र कार्यालयको सिफरिस पत्र ।
- अन्य फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपिहरु ।

शाखा प्रमुख

**अनुसूची-२**

**(दफा ६ सँग सम्बन्धित)**

# मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रम लाभग्राही छनौटका आधारहरु

- ब्यवशायिक रुपमा पशुपन्छी पालन गरी दर्ता गरेको निकाय-
- पशुपन्छीको संख्या-
- प्राबिधिक ज्ञानको प्रयोग भए नभएको-
- घाँस/आहाराको ब्यवस्थापन भए नभएको-
- पशुपन्छी राख्ने गोठ, खोरको अवस्था-
- फर्मले ओगटेको क्षेत्रफल-
- बार्षिक आम्दानी
- राज्यलाई बुझाएको कर
- रोजगारी पाएका ब्यक्तिहरुको संख्या

नोट-आवस्यकपरे पशु विकास समन्वय समितिले मापदण्ड हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-३

( दफा ६ अनुसुची-१सँग सम्बन्धित)

**मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रममा पुरुष्कार प्राप्त गर्नको लागि दिईने निबेदन-पत्र**

श्री मान् प्रमुख ज्यू मितिः
मधुवन नगरपालिका
पशु सेवा शाखा
बर्दिया ।

बिषय- मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रमउपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत बिषयमा मैले यस मधुवन नगरपालिका वडा न..............मा विगत .........बर्ष देखि ...............कार्यालयमा दर्ता तपसिल विवरण अनुसारको ब्यवशायिक ..................पालन गरिरहेको हुदा उक्त फार्मको थप निरन्तरतामा उर्जा र सहयोग प्रदान गर्न **मेयर उत्कृष्ट कृषक पुरुष्कार तथा सम्मान कार्यक्रममा**छनौट गरी पाँउ भनि हजुर समक्ष यो निबेदन पेश गर्दछु ।

तपसिलः

- हाल फर्ममा भएको पशुपन्छी संख्या-............वटा
- गोठ/खोरको अवस्था र क्षमता-............
- लगानी-..................
- बार्षिक आम्दानी-...............
- आहाराको ब्यवस्था कसरी गरिएको छ वा घाँस खेती गरिएको जग्गा र घाँसको जात विवरण-..
- रोजगारीको अवस्था-................जना

निबेदकः

नामः

ठेगानाःटोल सहित

फोन नः

**१०- नगर प्रमुख यो कार्यक्रमको संरक्षकको रुममा हुनु हुनेछ ।**

आज्ञाले

गोपालराज तिमिल्सिना

प्रमुख प्रशासकीय अधिकृत